पत्र संख्या ०२६/०७७/०७८ मिति : २०७८/०२/२६

नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि.
सम्पूर्ण शाखा कार्यालयहरु ।

**<u>विषय : नयाँ कर्जा प्रकार सम्वन्धमा ।</u>**

**<u>महाशय,</u>**

उपरोक्त विषयको सम्वन्धमा कोभिड १९ (कोरोना) को विभिन्न भेरियन्ट सहितको संक्रमण हाल उच्च दरले बृद्धि भईरहेको अवस्थामा संक्रमण फैलिन नदिन र जोखिमलाई न्यूनीकरण गर्न मिति २०७७ बैशाख महिनाको दोश्रो हप्ता देखि पुर्ण रुपमा बन्दाबन्दी (लकडाउन) भई रहेको अवस्थामा बन्दाबन्दी संगसंगै स्थानिय निकायहरुवाट जारी निषेधआज्ञाका कारण जनजीवन ठप्प रहेको छ । दैनिक उपभोग्य सामाग्री लगाएतका/व्यापार व्यवसाय ,कलकारर्खाना ,बजार समेत पुर्ण रुपमा बन्न भएका करण देशको अर्थतन्त्र प्रभावित बनेको अवस्थामा बैंकिङ्ग क्षेत्रमा पनि यसको नकारात्मक प्रभाव परिरहेको छ। ग्रामिण विपन्न तथा आर्थिक अवस्था कम्जोर भएका समुदायमा काम गर्ने लघुवित्त संस्थाहरुमा सबैभन्दा धेरै प्रभावित भएका छन् । लगातार बन्दाबन्दीको कारण कयौ सदस्यहरुको व्यवसाय नै धरापमा परेको अवस्था छ हालको विषम परिस्थतीमा सदस्यहरु संग कर्जा असुली भन्दा पनि उनिहरुको व्यवसाय निरन्तरताको लागि प्रयास गर्नु संस्थाको आवश्यकता रहेको देखिएकोले संलग्न विवरण अनुसारको कर्जाको प्रकार तथा शर्तहरु लागु हुने गरी कार्य गर्न /गराउन निर्देशन अनुसार जानकारी गराँउदछु ।

**संलग्न विवरण : व्यवसाय पुनंउत्थान कर्जा अवधारणापत्र १ थान ।**

भवदिय

राजकुमार घिमिरे
का.मु अधिकृत
कर्जा तथा आईटी विभाग

# व्यवसाय पुंनउत्थान कर्जा अवधारणा पत्र

## पृष्ठभुमि

कोभिड १९ (कोरोना) को विभिन्न भेरियन्ट सहितको संक्रमण हाल उच्च दरले बृद्धि भईरहेको सर्न्दवमा संक्रमण फैलिन नदिन र जोखिमलाई न्यूनीकरण गर्न मिति २०७७ बैशाख महिनाको दोश्रो हप्ता देखि पुर्ण रुपमा बन्दाबन्दी (लकडाउन) भई रहेको छ । बन्दाबन्दी संगसंगै स्थानिय निकायहरुवाट जारी निषेधआज्ञाका कारण जनजीवन ठप्प रहेको छ । दैनिक उपभोग्य सामाग्री लगाएतका,व्यापार व्यवसाय ,कलकारर्खाना ,बजार समेत पुर्ण रुपमा बन्न भएका करण देशको अर्थतन्त्र प्रभावित बनेको अवस्थामा बैंकिङ्ग क्षेत्रमा पनि यसको नकारात्मक प्रभाव परिरहेको छ। ग्रामिण विपन्न तथा आर्थिक अवस ।था कम्जोर भएका समुदायमा काम गर्ने लघुवित्त संस्थाहरुमा सबैभन्दा धेरै प्रभावित भएका छन् । लगातार बन्दाबन्दीको कारण कयौ सदस्यहरुको व्यवसाय नै धरापमा परेको अवस्था छ हालको विषम परिस्थतीमा सदस्यहरु संग कर्जा असुली भन्दा पनि उनिहरुको व्यवसाय निरन्तरताको लागि प्रयास गर्नु संस्थाको आवश्यकता रहेको देखिन्छ ।

## आवश्यकता

बन्दाबन्दी तथा निषेधआज्ञाको यस जटिल परिष्थितीमा कयौं सदस्यहरुको रोजगारी गुमेको एवं व्यवसाय ठप्प हुने अवस्था तथा नयाँ व्यवसाय संचालन गर्न अप्ठारोमा परेका व्यवसायहरुलाई पुंनः संचालन गर्न समेत पुजी अभावका कारण सदस्यहरु अफ्ठारोमा अवस्थामा परेको देखिन्छ । यस्तो अवस्थामा उनीहरुको दैनिकीलाई केही हदसम्म भएपनि सहज बनाउन साथै वित्तीय संस्थाको ग्राहक सदस्यप्रतिको उत्तरदायित्व निर्वाह गर्नुपर्ने अवस्था आएकोले प्रस्तावित कर्जा प्रकारले धेरै नै महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । यसले वित्तीय संस्था तथा ग्राहक सदस्यहरु बीचको सुमधुर समन्धक कायम हुने अपेक्षा गरिएको छ तथा लघुवित्त कार्यक्रमलाई नियमित सुचारु गर्न आवश्यक सहयोग मिल्नेछ साथै साथै आउँदो दिनहरुमा ग्राहक सदस्यहरुले नयाँ व्यवसाय संचालन गर्न सक्नेछन तथाा पुराना ऋणी सदस्यहरुको आफनो व्यापार व्यवसाय पुंनः संचालन गरी नियमति रुपमा कर्जाको साँवा व्याज भुक्तानी गर्ने अपेक्षा गरिएको छ ।

## कर्जाको विवरण

कर्जाको नाम : **व्यवसाय पुनंउत्थान कर्जा**
कर्जाको अधिकतम सीमा : अधिकतम रु ५० हजार सम्म ।
कर्जाको भाखा अवधि : १ वर्ष देखि १.५ वर्ष सम्म ।
किस्ता भुक्तानी तरीका : मासिक किस्ताबन्दी
व्याजदर : १४ प्रतिशत
सेवा शुल्क : १ प्रतिशत
ग्रस अवधि : अधिकतम ३ महिना
बीमा शुल्क : कर्जा रकमको ०.५५% ( सूर्या लाइफ इन्स्योरेन्स कं.लि.)

## व्यवसाय पुनंउत्थान कर्जा लगानीका शर्त तथा नियमहरु :

१ यस कर्जाको मुख्य उदेश्य कोभिड १९ को संक्रमणको कारण जोखिममा परेका व्यवसायहरु पुंन : संचालनमा ल्याई जोखिममा परेका कर्जालाई नियमित गर्नु रहेकोले शाखाले यस कर्जालाई अधिकारको रुपमा प्रयोग नगरी सदस्यहरुको सत्य तथ्य विवरण जाँच गरी जोखिममा परेका व्यवसाय पुनंउत्थानको लागि पहिलो प्राथमिकता दिनु पर्नेछ ।
२.शाखाले कर्जा लगानी गर्नु पुर्व ग्राहक सदस्यहरुको पहिचान गरी लगानी गर्नुपर्ने स्पष्ट आधार सहित सो ऋणी सदस्यहरुको वृस्तृत विवरण तयार पारी केन्दिंय कार्यालयमा पेश गर्नुपर्नेछ । सो को आधारमा केन्दिंय कार्यालयवाट आवश्यक सल्लाह सुझाव प्रदान गर्न सकिनेछ ।

३. कर्जा लगानी गर्दा अनिवार्य रुपमा दुई जना जमनी रहनेछ । नियमानुसार आवश्यक फारम पूर्णरुपले भरी महिला सदस्यको हकमा सदस्यको श्रीमान तथा पुरुष सदस्यको हकमा निजको श्रीमती जमानी राख्ने, यदि सो संम्भव नभए एकाघर परिवारको १ जना सदस्य तथा परिवार वाहिरवाट १ जना कर्जा लिखत तमसुकमा जमानी राखि अन्य आवश्यक सम्पुर्ण प्रक्रिया पुरा गरेर मात्र कर्जा लगानी गर्ने ।

४. प्रस्तावित कर्जा ऋणी सदस्य र बचत गर्ने सदस्य दुवैले उपभोग गर्न पाउने छन् ।

५.व्यवसाय पुनंउत्थान वाहेकका नयाँ कर्जाको हकमा समुह जमानी अनिवार्य हुनेछ ।

६.कर्जा लगानी गर्दा सदस्यहरुलाई कर्जाको थप भार नवनाई संस्थाले आफ्ना सदस्यहरुको व्वसायिक पुनंउत्थानको लागि हो भन्ने कुरा पुर्ण रपमा प्रकाश पारी कर्जा प्रवाह गर्नु पर्नेछ ।

७. कर्जा लगानी गर्ने तथा साँवा व्याज असुली गर्ने सम्पुर्ण अधिकार/जिम्मेवारी शाखा प्रमुखको रहनेछ । यो कर्जाको भाखा नाघ्नु हुँदैन ।

८. शाखा प्रमुखले कर्जा लागनी गरेको कर्जाको सम्पुर्ण विवरण लिखित रुपमा माईन्युट गरी सम्बन्धित शाखा कार्यालयमा सुरक्षित रुपमा राख्नु पर्नेछ ।